**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १८९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ साउन ५ गते सोमबार ❑ 21 July 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पोखरामा अन्तर-प्रदेश अनुभव आदानप्रदान

**पोखरापत्र संवाददाता**
पोखरा, ४ साउन

मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना कार्यान्वयन र प्रभावकारिता विषयमा गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशको अन्तर-प्रदेश अनुभव आदानप्रदान पोखरामा सम्पन्न भएको छ।



मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सिएमसी) नेपालको आयोजना एवम् स्वास्थ्य मन्त्राल गण्डकी प्रदेशको सहजीकरणमा आयोजित उक्त कार्यक्रममा गण्डकी प्रदेका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठक, लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री खेमबहादुर सारु, कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीसहित मन्त्रालयका सचिव एवम् अन्य कर्मचारीको सहभागिता थियो।

गण्डकी प्रदेशका स्वास्थ्यमन्त्री पाठकले डिजीटल हेल्थ, अस्पतालको सुदृढिकरण र मानसिक स्वास्थ्य समस्याको क्षेत्रमा गण्डकी प्रदेशले गरिरहेको कामबारे जानकारी गराउनुभयो। गण्डकीमा गरिएको स्वास्थ्य क्षेत्रको काम सङ्घीय सरकारका लागि सिकाइ हुने भए पनि त्यसको वेवास्ता हुने गरेको उहाँले बताउनुभयो। केन्द्रले पर्याप्त अधिकार नदिए पनि गण्डकीले स्वास्थ्य सुधारका लागि नीति, कानुन र संरचनागत कुरामा टेकेर अल्पकालिन, मध्यमकालिन र दीर्घकालिन योजना अघि सारेर काम गरिरहेको मन्त्री पाठकको भनाइ छ। अस्पताल आर्थिक रूपमा आत्मनिर्भर भएर राज्यलाई पनि योगदान गर्नसक्ने कुरालाई दृष्टिगत गरी गण्डकी प्रदेशबाट त्यसको सुरुआत गरिएको उहाँले बताउनुभयो। लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री सारुले गण्डकीले गरेको डिजीटल हेल्थ लुम्बिनीका लागि महत्वपूर्ण सिकाइ भएको बताउनुभयो। यस किसिमका असल अभ्यासलाई प्रदेशबीच एकापसमा आदानप्रदान गर्नसके प्रदेश स्थापनाको औचित्य थप प्रमाणित गर्न सकिने उहाँले बताउनुभयो। हाम्रो समाजमा नकरात्मक सोच बढीरहेको उल्लेख गर्दै मन्त्री सारुले त्यसले समाजलाई विखण्डित बनाएको बताउनुभयो। मानसिक स्वास्थ्यका क्षेत्रमा लगानी बढाउनुपर्ने उहाँको सुझाव छ।

कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री भण्डारीले प्रदेशले स्वास्थ्यका क्षेत्रमा गरेको विकासले प्रदेशको औचित्यलाई प्रमाणित गराएको बताउनुभयो। मनोसामाजिक परामर्शका क्षेत्रमा प्रदेशले पर्याप्त लगानी गर्न नसकेको जिककिर गर्दै उहाँले यसतर्फ गम्भीर बन्न आग्रह गर्नुभयो। गण्डकीले स्वास्थ्य क्षेत्रमा गरेको राम्रो अभ्यासलाई अनुकरण गर्ने मन्त्री भण्डारीको भनाइ थियो। मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सिएमसी) नेपालका नीति, रणनीति तथा सुशासन प्रमुख हिमाल गैरेले नेपालमा मानसिक स्वास्थ्यको समस्या र समाधानका उपायबारे प्रस्तुतिकरण गर्दै अपाङ्गता गराउने प्रमुख १० समस्यामध्ये चारवटाले मानसिक स्वास्थ्य समस्या पर्ने बताउनुभयो। उहाँका अनुसार गत आर्थिक वर्षमा सात हजार २२३ व्यक्ति (प्रति एक लाखमा २५ जना)ले आत्महत्या गरेका थिए। आर्थिक वर्ष २०८१/८२ को जेठ सम्ममा नेपालमा ६ हजार ८६ जनाले आत्महत्या गरेकामा ५६७ जना गण्डकी प्रदेशका रहेका उहाँले जानकारी दिनुभयो। सात प्रदेशमध्ये सबैभन्दा कम आत्महत्या दर (प्रति एक लाखमा १९ जना) कर्णालीमा रहेको सो अवसरमा जानकारी गराइयो। गण्डकी प्रदेशका स्वास्थ्य सचिव डा विश्वबन्धु बगालेले अन्तरप्रदेश अनुभव आदान प्रदानले एकापसका असल अभ्यासलाई अनुकरण गर्न सहयोग पुग्ने धारणा राख्नुभयो। लुम्बिनी प्रदेशको स्वास्थ्य मन्त्रालयका शैलेन्द्रकुमार पाण्डेले लुम्बिनी प्रदेशमा मानसिक स्वास्थ्य समस्याको अवस्था, मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना र केही महत्वपूर्ण उपलब्धि लगायतका विषयमा प्रकाश पार्नुभयो।

गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयका महानिर्देशक खिमबहादुर खड्काले डिजिटल गण्डकी, मानसिक स्वास्थ्य प्रोफाइललगायत गण्डकी प्रदेशमा मानसिक स्वास्थ्यका क्षेत्रमा गरिएका सकरात्मक अभ्यास र चुनौती, समाधानका प्रयासबारे जानकारी गराउनुभयो। लुम्बिनी प्रदेशका स्वास्थ्य सचिव

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## गण्डकीमा भारी वर्षा, सतर्कता अपनाउन प्रदेश सरकारको आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, ४ साउन

गएरातिदेखि गण्डकी प्रदेशको पोखरासहित विभिन्न जिल्लामा भारी वर्षा भइरहेकाले सतर्कता अपनाउन आग्रह गरिएको छ।

जल तथा मौसम विज्ञान विभागले कास्कीको लुम्ले र आसपासका क्षेत्रमा भारी वर्षा भएको र थप वर्षा हुने सम्भावना रहेकाले सतर्कता अपनाउन आग्रह गरेको हो। गण्डकी प्रदेश सरकारले पनि प्रदेशका सबै जिल्लामा उच्च सतर्कता अपनाउन सर्वसाधारण र सराकोर भएका सबै पक्षलाई अनुरोध गरेको छ। आज बिहान मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सार्वजनिक रूपमा सूचीत गर्दै सावधानी र उच्च सतर्कता अपनाएर मात्र यात्रा गर्न भनेको छ। "गण्डकी प्रदेशका विभिन्न ठाउँमा गएरातिदेखि भएको वर्षाका कारण जनधनको क्षति भएका जानकारी आइरहेका छन्। वर्षाका कारण नदी, खहरे खोलाखोल्सी र तालमा पानीको सतह निरन्तर बढिरहेको छ। यसले थप जोखिम निम्त्याएको छ। बाढी पहिरो, डुबीनको खतरा बढेको छ। यस्ता क्षेत्र वरपर बस्तीका नागरिक सचेत रहनुहुन अनुरोध छ", सूचनामा उल्लेख छ। प्रदेश सरकारले कहीँकतै विपत्तीमा परेका भए तुरून्त स्थानीय जनप्रतिनिधि, प्रहरी स्थानीय तह, प्रदेश सरकार र सङ्घीय सरकार मातहतका निकायमा खबर गर्न आग्रह गरेको छ। विपद्को सामना गर्न र प्रभावितको उद्धार, राहत तथा पुनःस्थापनामा गण्डकी प्रदेश सरकार सधैँ नागरिकको साथमा रहेको जनाइएको छ।

## एमाले अध्यक्ष ओली र पूर्वराष्ट्रपति भण्डारीबीच भेटवार्ता सम्पन्न

**रासस**
काठमाडौं, ४ साउन

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली र पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीबीच भेटवार्ता सम्पन्न भएको छ। ललितपुर च्यासलस्थित एमालेको केन्द्रीय कार्यालयमा उहाँहरूबीच 'वान टू वान' भेटवार्ता भएको हो।

भेटवार्तापछि पूर्वराष्ट्रपति भण्डारीले पत्रकारसँग सङ्क्षिप्त कुरा गर्दै प्रधानमन्त्री एवम् एमाले अध्यक्ष ओलीसँग राष्ट्रिय राजनीतिक विषयवस्तुमाथि छलफल भएको जानकारी दिनुभयो। "उहाँसँग राष्ट्रिय राजनीतिका विषयमा मात्र कुराकानी भयो", उहाँले सञ्चारकर्मीलाई भन्नुभयो, "अरू विषय आधिकारिक च्यानलबाट थाहा पाउनुहुने छ।"

पूर्वराष्ट्रपति भण्डारीले आफ्नो पार्टी सदस्यता पहिले नै नवीकरण भइसकेको जानकारी दिनुभयो। उहाँहरूबीच करिब डेढ घण्टा कुराकानी भएको हो। पूर्वराष्ट्रपति भण्डारी जिम्मेवारीबाट बाहिरिएपछि पहिलोपटक एमाले मुख्यालय च्यासल पुग्नुभएको हो। उहाँलाई एमाले उपाध्यक्ष सुरेन्द्र पाण्डे र केन्द्रीय कार्यालयका सचिव डा भीष्म अधिकारीले स्वागत गर्नुभएको थियो। उहाँले यसअघि नै पार्टी राजनीतिमा आउने सार्वजनिक घोषणा गरिसक्नुभएको छ। यस विषयले एमालेको सचिवालय र पोलिटब्यूरो बैठकमा प्रवेश पाएपछि नेतृत्वसँग औपचारिक छलफल भएको हो। एमालेको शनिबार सम्पन्न पोलिटब्यूरो बैठकमा अधिकांश पोलिटब्यूरो सदस्यले पूर्वराष्ट्रपतिजस्तो गरिमामय पदमा रहिसकेका व्यक्तिले पार्टीको सक्रिय राजनीतिमा आउन नहुने विचार व्यक्त गर्नुभएको थियो।

## पोखरा आएको बाढीले गर्दा १ सय ५० कुखुरा मरे

**पोखरापत्र संवाददाता**
पोखरा, ४ साउन

गएराती परेको अविरल वर्षातसँगै आएको बाढीले पोखरा १६ गल्छिना भन्ने स्थानमा रहेको एक कुखुरा फार्ममा क्षति पुगेको छ।



विनोद आचार्यले सञ्चालनमा ल्याएको कृषि योजना फार्ममा रहेका ८ सय कुखुरा मध्ये १ सय ५० वटा कुखुरा गएरातीको बाढीले गर्दा मर्न पुगेको आचार्यले गुनासो गर्नुभयो।

बोइलर कुखुरा त्यसमाथि हिलो सहित आएको बाढीले गर्दा डुबानमा परेर १ सय ५० वटा कुखुरा मर्न पुगेको उहाँले बताउनुभयो। बाँकी कुखुरालाई अन्य खोरमा सारिएको यद्यपी केही कुखुरा मर्न सक्ने आचार्यले उल्लेख गर्नुभयो।

विगत ६ वर्षदेखि व्यावसायिक कुखुरा पालन व्यवसायमा लाग्दै आउनु भएका आचार्यले यसपालिको बाढी पहिरोको कारण २ लाख ५० हजार भन्दा बढी क्षति व्यहोर्न परेको उहाँले गुनासो गर्नुभयो। बोइलर कुखुराको बीमा गर्न सहज नभएका कारण आफू यसपालि ठूलो नोक्सानी व्यहोर्नु परेको संचालक आचार्यले बताउनुभयो।

पोखरामा हिजोआज जिउँदो कुखुरा २ सय २० प्रति केजी होल चिकेन ३ सय १० र कटिङ ३ सय ६० रूपैया मूल्य रहेको छ। गएराति आएको बाढी र पहिरोको कारण पोखरा १६ क्षेत्रमा ११ घर विस्थापित भएको वडाध्यक्ष अमृत शर्मा तिमिल्सिनाले बताउनु भयो। त्यसैगरी अर्मला क्षेत्रको सडक समेत अवरुद्ध भएका कारण सडक खुलाउने कार्य जारी रहेको उहाँले जनाउनु भयो।

विनोद आचार्य सहित तीनवटा व्यावसायिक कुखुरा तथा वंगुर फर्ममा गएरातीको बाढीको कारण क्षति पुगेको उहाँले बताउनुभयो। त्यसै गरी पोखरा २० र पोखरा १३ मा समेत केही घरका कोठाहरु बगाएको छ भने सो क्षेत्रमा ठुलो धनको क्षति पुगेको जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी हरि बहादुर बस्नेतले बताउनु भयो।

## भारी वर्षा र जोखिमलाई दृष्टिगत गर्दै सवारीसाधन सञ्चालनको तालिका निर्धारण

**पोखरापत्र संवाददाता**
पोखरा, ४ साउन

नेपालले आफ्नो सत्रौँ स्थापना दिवस विशेष कार्यक्रम यही श्रावण ४ गते सम्पन्न गरेको छ।

विभिन्न विद्यार्थी र शिक्षक केन्द्रित कार्यक्रम गर्दै आएको परिषद्ले यसपालि समाजसेवा र मानवसेवामा आफूलाई समर्पित गराउँदै पोखरा महानगरपालिका - २५ हेमजामा अवस्थित मानव सेवा आश्रममा खाद्यान्नतथाफलफूलवितरणकार्यक्रम गर्यो। परिषद्का अध्यक्ष सूर्यप्रसाद लम्सालको अध्यक्षतामा भएको औपचारिक कार्यक्रममा परिषद्का कार्यसमितिका सदस्यहरू, सल्लाहकारहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा बोल्दै परिषद्का सल्लाहकार लोकचन्द्र खनालले भाषा शिक्षण र शिक्षण क्रियाकलापमा महत्त्वपूर्ण कार्य गर्दै आइरहेको परिषद्ले मानवसेवामा पनि आफूलाई अगाडि बढाएकामा

**बाँकी अन्तिम पृष्ठमा ▶▶**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नेपाल विद्युत प्राधिकरण अन्तरगत गण्डकीका उत्कृष्ट उपभोक्तालाई सम्मान

पोखरापत्र संवाददाता
पोखरा, ४ साउन

नेपाल विद्युत प्राधिकरण गण्डकीले २०८१ सालमा उच्चतम खपत गरि समयमै महसुल दाखिला गर्ने उत्कृष्ट उद्योगी व्यवसायी तथा संघ संस्थालाई सम्मान गरेको छ।



उत्कृष्ट ग्रहाकहरुलाई नेपाल विद्युत प्राधिकरणका कार्यकारी प्रमुख हितेन्द्रदेव शाक्यले सम्मान गरेका हुन । सम्मानित सेवाग्राहीलाई धन्यवाद व्यक्त गर्दै कार्यकारी प्रमुख शाक्यले उपभोक्ताको कारण नै प्रधिकरणको विकास हुने र प्राधिकरणको विकास भए समग्र देशको विकास हुने बताए । उपभोक्ताहरुले प्रयोग गर्ने विद्युत दैनिक जिवनशैलीमा भन्दा बढी व्यवसायीक या औधोगिक कार्यमा लगाउन आग्रह गर्दै विद्युतीय संसाधनको प्रयोग गर्दा सजग र मितव्यायी हुन आग्रह गरेका छन । उनले हाल बेला-बेलामा विद्युत अवरुद्ध हुने समस्या प्राधिकरणको नभएर वितरण केन्द्रहरुमा भएको प्राविधिक समस्या भएको जिकिर गरे । हिउँदको समयमा बाहीरी मुलुकबाट समेत विद्युत आयात गरी उपभोक्ताहरुमाँझ सेवा पुर्याउन प्राधिकरण प्रतिवद्ध रहेको शाक्यको भनाई छ।

गण्डकी प्रदेश अन्तरगत सबैभन्दा बढी र समयमै भुक्तानी गर्नेहरुमा होंसी शिवम सिमेन्ट प्राली(कावासोती वितरण केन्द्र), पोखरा औधोगिक क्षेत्र(पोखरा वितरण केन्द्र) गोर्खा व्रेवेरी लिमिटेड (कावासोती वितरण केन्द्र), सिजि सिमेन्ट, एनसेल प्राइभेटलिमिटेड(लेकनाथवितरण केन्द्र), प्रफेक्ट व्लेन्ड (नेपाल) प्राईभेट लिमिटेड (कावासोती वितरण केन्द्र) सिजि ब्रिवेरी नेपाल लिमिटेड(कावासोती वितरण केन्द्र), जय श्री फुड प्राली (कावासोती वितरण केन्द्र), पोखरा अन्तराष्ट्रिय एयरपोर्ट( पोखरा वितरण केन्द्र), मनिपाल कलेज अफ मेडिकल साईन्स( पोखरा वितरण केन्द्र) लगायत रहेका छन । उपभोक्ताहरुले बेलाबेला विद्युत अवरुद्ध हुने समस्याले उद्योगहरुले नोक्सान वेहोर्नुपरेको बताउँदै उक्त समस्याको समाधान खोज्न आग्रह गरेका छन। सो अवसरमा प्राधिकरणका गण्डकी प्रदेश प्रमुख विक्रम कुमार अमात्यले गण्डकी शाखा अन्तरगत निमार्ण र वितरण भएका आयोजनाहरुको बारेमा जानकारी गराएका थिए।



नेवा मिसा पुचको बुके व्याच तालिमः पोखरा महानगरपालिका वडा नं १३ स्थित नेवाः मिसा पुच गौडाकोमुखको आयोजनमा महिलाहरुलाई आत्मनिर्भर बनाउने उद्देश्यले आठ दिने मकैको भुत्लाको फूल बुके व्याच बनाउने तालिम र सात दिने नेल आर्ट तालिम हालै सम्पन्न भएको नेवाः मिसा पुच गौडाकोमुखका अध्यक्ष सोनी ढेवाजूले पोखरापत्रलाई वताईन। तालिमवाट तयार पारिएका बुके व्याचहरु आगमी साउन १७ हुने तेस्रो गौडाकोमुख क्वाटी तथा गाईजात्रा उत्सव-२०८२ मा अतिथिहरुलाई प्रदान गरिने अध्यक्ष ढेवाजूले भनिन्। तालिममा २५ जना सहभागी रहेको तालिम संयोजक तथा मिसा पुचका उपाध्यक्ष सविना तभ्र्याले जानकारी दिइन्। तस्विरः पोखरापत्र

# लामाचौर तीज महोत्सवमा विभिन्न २२ वटा उपसमिति

पोखरापत्र संवाददाता
पोखरा, ४ साउन

पोखराको लामाचौरमा हुने तीज महोत्सवको व्यवस्थापनका लागि विभिन्न २२ वटा उपसमिति गठन भएको छ।

नव आदर्श सामुदायिक विकास समाजले प्रत्येक वर्ष गर्दै आइरहेको तीज महोत्सवको २९ औं संस्करणलाई थप व्यवस्थित र सफल बनाउन विभिन्न उपसमिति गठन गरिएको अध्यक्ष दिनेश भण्डारीले जानकारी दिए। नेपाली नारीको महान् पर्व हरितालिका तीजलाई थप साँस्कृतिक पर्व बनाउन समाजले आफ्नो बार्षिकोत्सवका अवसरमा महोत्सवमा संचालन गर्दै आएको छ।

समाजले महोत्सवका लागि विभिन्न २२ वटा उपसमिति गठन गरि तयारी शुरु गरेको जनाएको छ । गठित उपसमितिमा अर्थ व्यवस्थापन उपसमितिमा कमल बहादुर थापा, समन्वय विशेषमा मिलन केसी, खेल मैदान विकासमा दिल बहादुर थापा, तीज महोत्सव संरक्षण कोषमा नविन भण्डारी, जेष्ठ नागरिक दिवा सेवा केन्द्रमा रविमान सिंह भण्डारी, शिक्षा तथा श्रष्ट्रा सम्मानमा थिर बहादुर थापा, स्वास्थ्य तथा आकस्मिक सेवामा खुशीमान गुरुङ, कार्यालय व्यवस्थापनमा राजु बहादुर भण्डारी,खेलकुद व्यवस्थापनमा शंकर केसी, मञ्च, प्याराफिट तथा स्टल व्यवस्थापनमा प्रेम गुरुङ, टिकट व्यवस्थापनमा अमिर गुरुङ, बजार व्यवस्थापनमा वल बहादुर श्रेष्ठ, युवा परिचालनमा कुशल राना, महिला समन्वयमा शारदा पौडेल, यातायात तथा पार्किङमा अमृत गुरूङ, सुरक्षा व्यवस्थापनमा हरि बहादुर वरूवाल, स्वागत सत्कारमा सञ्जय कुमार अधिकारी, सांस्कृतिक कार्यक्रम व्यवस्थापनमा दिल बहादुर थापा, सुचना तथा प्रचार प्रसारमा विष्णु प्रसाद गौतम, डिजिटल बोर्ड तथा व्यानरमा प्रकाश थापा, सरसफाईमा रामजि सिके र कौशल्या ज्ञान विज्ञान पुस्तकालय तथा अनुसन्धान केन्द्र व्यवस्थापनमा सुशील केसीलाई संयोजक तोकिएको समाजले जनाएको छ । गठित विभिन्न उपसमितिले महोत्सवको आन्तरिक तयारी शुरु गरेको बताईएको छ। आईतबार संचार तथा प्रचार प्रसार उपसमितिले छलफल गर्यो । उपसमितिले महोत्सवलाई भव्य र सभ्य बनाउन प्रचार प्रसारमा कुनै कमि नगर्ने र संचार माध्यमसँग समन्वय गरी अगाडि बढ्ने निर्णय गरेको संयोजक विष्णु प्रसाद गौतमले जानकारी दिए। तीज महोत्सवमा तीज गीत सहित खुला भलिबल प्रतियोगिता, अन्तर मा.वि. छात्रा भलिबल प्रतियोगिता, विद्यालय नृत्य प्रतियोगिता, श्रष्ट्रा सम्मान, औद्योगिक मेला तथा विभिन्न स्टलहरु र राष्ट्रिय कलाकारद्वारा विविध सांस्कृतिक प्रस्तुतिलाई यस वर्ष पनि निरन्तरता दिईने समाजले जनाएको छ। समाजले नेपाली नारीको महान् पर्व तीजको अवसरमा यहि भाद्र ८ गते देखि १० गतेसम्म ३ दिन महोत्सवको तयारी गरेको छ।

# इनरह्विल क्लव अफ पोखराको अध्यक्षमा विन्दु केसी

पोखरापत्र संवाददाता
पोखरा, ४ साउन

इनरह्विल क्लव अफ पोखराको १६ औ पदस्थापना समारोह एक कार्यक्रमका बिच हालै सम्पन्न भयो । नव निर्वाचित अध्यक्ष विन्दु केसीको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।




ईनरह्विल डिष्ट्रिक्ट ३५० नेपालका अध्यक्ष कमला श्रेष्ठले कार्यक्रमको उद्घाटन गरेकी थिइन । अध्यक्ष श्रेष्ठले नव निर्वाचित अध्यक्ष विन्दु केसीलाई क्लवको अध्यक्षीय माला लगाई, चार्टर सर्टिफिकेट र ग्यावल हस्तान्तरण गरी पदस्थापित गराइन। प्रमुख श्रेष्ठले रोटरी तथा इनरह्विल क्लवले बिश्वभरीमा पोलियो उन्मुलनको क्षेत्रमा कार्य गरेर सफलता प्राप्त गरे पश्चात महिलाहरुको हक, अधिकारका अलावा विश्व तथा नेपालको शैक्षिक क्षेत्रमा समेत आफ्ना सहयोगी हातहरु अगाडी वढाईरहेको भनिन् । बिश्वमा निरक्षरता उन्मुलन तथा साक्षारताको वृद्धिलाई एक अभियानकै रुपमा अगाडी सारी आफ्ना सामाजिक सेवाभावका कार्यहरुलाई अगाडी वढाई रहेको श्रेष्ठले वताइन् । कार्यक्रममा निवर्तमान अध्यक्ष ईनरह्विल रेश्मा वैद्यले नव निर्वाचित पदाधिकारीहरुलाई वधाई ज्ञापन गर्दे आफ्नो कार्यकालमा सहयोग पुराएका सदस्यहरुलाई मायाको चिनो वितरण गरिन्। कार्यक्रममा वाराही आधारभुत स्कुलका प्रधानाध्यापक रामप्रसाद आचार्य, दृष्टविहीन कल्याण संघका टेकमान प्रधानाङ, इनरह्विल क्लव अफ पोखराका संस्थापक अध्यक्ष सोनु सिग्देल, इनरह्विल क्लव अफ मिडटाउनका अध्यक्ष यसोधा वाँस्तोला, इनरह्विल क्लव अफ जुभेनिलेस जिलका अध्यक्ष इसिता चालिसे, ईनरह्विल क्लव अफ दमौलीका अध्यक्ष निर्मला मल्ल, ईनरह्विल क्लव अफ मिड टाउनका अध्यक्ष मेनुका लाभाजु, इनरह्विल क्लव अफ अन्नपुर्णका अध्यक्ष अञ्जु चालिसे, रोटरी क्लव अफ पोखराका अध्यक्ष ओमकुमार श्रेष्ठ, पूर्व अध्यक्ष रामचन्द्र थापा, पोखरापत्र दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देल लगायत वोलेको कार्यक्रममा इनरह्विल पोखराका पूर्व अध्यक्ष गायत्री थापाले स्वागत, उपाध्यक्ष निरु कायस्थले धन्यवाद र सचिव शिला पन्तले संचालन गरेकि थिइन् । कार्यक्रम अवधि भरी प्राविधिक सहयोग गर्ने त्रिप्ती श्रेष्ठ र अनिन्दीता श्रेष्ठले संयुक्त रुपमा गरेका थिए । सोही अवसरमा एसइइमा उत्कृष्ट नतिजा हासिल गर्ने सफल निवर्तमान अध्यक्ष रेश्माकि छोरी अनिन्दीता श्रेष्ठलाई सम्मान गरियो । सोही अवसरमा स्मृति तभ्र्या र समिप्रा श्रेठलले नेवारी गितामा नृत्य गरेका थिए । कार्यक्रममा माच्छापुच्छ्रे मावि भुर्जुङ खोलमा अध्ययनरत सिमा विक र किस्मता गुरुङलाई छात्रवृत्ति वितरण गरियो ।

# 'मिस कास्की नेपाल २०२५' को उपाधि रानी थापा मगरलाई

पोखरापत्र संवाददाता
स्याङ्जा, ४ साउन

पोखरामा आयोजित 'मिस कास्की नेपाल २०२५' को उपाधि रानी थापा मगरले जितेकी छिन्।




हेभेनली इभेन्ट म्यानेजमेन्टद्वारा आयोजित यस भव्य सौन्दर्य प्रतियोगिताले पोखराका युवतीहरुमा लुकेका प्रतिभा र सौन्दर्यलाई बाहिर ल्याउन महत्वपूर्ण भूमिका खेलेको छ। प्रतियोगितामा अंशु गुरुङ प्रथम रनरअप, स्मृति गुरुङ द्वितीय रनरअप र लक्ष्मी थापा तृतीय रनरअप बन्न सफल भए। यसैगरी, भ्युअर्स च्वाइसको उपाधि रोजी बस्नेतले हात पारिन् । हेभेनली इभेन्ट म्यानेजमेन्टका संचालक सफल सुवेदीले सफलतापूर्वक कार्यक्रम सम्पन्न भएकोमा खुसी व्यक्त गरे। कार्यक्रमका प्रमुख अतिथि दर्शन लामाले आयोजक हेभेनली इभेन्ट म्यानेजमेन्टलाई यस्ता प्रतिभा र सौन्दर्य प्रतियोगिता आयोजना गरेकोमा धन्यवाद व्यक्त गर्दै यसले युवतीहरुलाई सशक्तिकरण गर्न मद्दत पुग्ने बताए। प्रतियोगितामा निर्णायक मण्डलमा नवदीप इङ्लिस बोर्डिङ स्कूलकी संस्थापक कौशल्या गुरुङ, प्रचारका संचालक तथा मिडिया व्यक्तित्व आशिष पुरी, नर्स तथा सामाजिक अभियन्ता बिजुल श्रेष्ठ र एन.टि.एच.एम.सी कलेजका प्रिन्सिपल प्रकाश रेग्मी रहेका थिए। उनीहरुले प्रतियोगीहरुको प्रतिभा, आत्मविश्वास र प्रस्तुतिलाई सक्षम ढंगले मूल्यांकन गरेका थिए । 'मिस कास्की नेपाल २०२५' ले पोखराका युवतीहरुलाई आफ्नो क्षमता प्रदर्शन गर्ने र भविष्यका लागि नयाँ सम्भावनाहरुको ढोका खोल्ने अवसर प्रदान गरेको छ।

# पोखरामा ...

दुर्गालक्ष्मी श्रेष्ठले गण्डकीले डिजिटल हेल्थमा गरेको प्रयासको सराहना गर्दै असल अभ्यासको अनुकरणसँगै एकतावद्ध प्रयासमा जोड दिनुभयो । सिएमसीका प्राविधिक निर्देशक डा पशुपति महतले मानसिक रूपमा स्वस्थ मानिसले चाहेको काम गर्नसक्ने बताउँदै तीनवटै प्रदेश मिलेर अघि बढेमा मानसिक स्वास्थ्यमा राम्रो उपलब्धि हासिल हुने धारणा राख्नुभयो। कार्यक्रममा सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशका बृषबहादुर शाही, प्रादेशिक स्वास्थ्य निर्देशनालय गण्डकीका महाशाखा प्रमुख डा रमेशकुमार केसी, बुद्धिसागर अधिकारीलगायतले आ-आफ्ना धारणा राख्नुभएको थियो ।

# नेपाली भाषा शिक्षक परिषद्

पोखरापत्र संवाददाता
पोखरा, ४ साउन

नेपालले आफ्नो सत्रौं स्थापना दिवस विशेष कार्यक्रम यही श्रावण ४ गते सम्पन्न गरेको छ।

विभिन्न विद्यार्थी र शिक्षक केन्द्रित कार्यक्रम गर्दै आएको परिषद्ले यसपालि समाजसेवा र मानवसेवामा आफूलाई समर्पित गराउँदै पोखरा महानगरपालिका - २५ हेमजामा अवस्थित मानव सेवा आश्रममा खाद्यान्न तथा फलफूल वितरण कार्यक्रम गर्यो। परिषद्का अध्यक्ष सूर्यप्रसाद लम्सालको अध्यक्षतामा भएको औपचारिक कार्यक्रममा परिषद् का कार्यसमितिका सदस्यहरू , सल्लाहकारहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा बोल्दै परिषद्का सल्लाहकार लोकचन्द्र खनालले भाषा शिक्षण र शिक्षण क्रियाकलापमा महत्त्वपूर्ण कार्य गर्दै आइरहेको परिषद्ले मानवसेवामा पनि आफूलाई अगाडि बढाएकामा खुसी व्यक्त गर्नुभयो र यस्ता कार्यक्रममा पनि जोड दिन आग्रह गर्नुभयो । परिषदका महासचिव शिवहरि सुवेदीले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागत मन्तव्य विक्रम पौडेलले राख्नुभएको थियो भने कार्यक्रमको संयोजन इन्दिरा सापकोटाले गर्नुभएको थियो।

डेभिज फल्समा पर्यटक आकर्षणः पोखराको डेभिज फल्स(पातले छाङ्गो) मा पानीको बहाब बढेसंगै दृश्यावलोकन गर्दै पर्यटक । डेभिज फल्स अवलोकनको लागि प्रबेश शुल्क तिर्नुपर्छ जस मध्य विदेशीलाई १ सय, अन्य नेपालीलाई ५० र बिद्यार्थी र ज्येष्ठ नागरिकलाई ३० रुपैया शुल्क लाग्छ।

# भारी वर्षा...

खुसी व्यक्त गर्नुभयो र यस्ता कार्यक्रममा पनि जोड दिन आग्रह गर्नुभयो । परिषदका महासचिव शिवहरि सुवेदीले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागत मन्तव्य विक्रम पौडेलले राख्नुभएको थियो भने कार्यक्रमको संयोजन इन्दिरा सापकोटाले गर्नुभएको थियो।

डेभिज फल्समा पर्यटक आकर्षणः पोखराको डेभिज फल्स(पातले छाङ्गो) मा पानीको बहाब बढेसंगै दृश्यावलोकन गर्दै पर्यटक। डेभिज फल्स अवलोकनको लागि प्रबेश शुल्क तिर्नुपर्छ जस मध्य विदेशीलाई १ सय, अन्य नेपालीलाई ५० र बिद्यार्थी र ज्येष्ठ नागरिकलाई ३० रुपैया शुल्क लाग्छ।

# दम्पतीको शव भेटियो

पोखरापत्र संवाददाता
पर्वत, १ साउन

मोदी गाउँपालिका-३ देउरालीको लाङ्दी पहिरोमा पुरिएका दम्पतीको शव भेटिएको छ।

छविलाल विश्वकर्मा र उहाँकी ७६ वर्षीया श्रीमती विष्णुमतिको शव भेटिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। शनिबार रातिको पहिरोमा विक दम्पती पर्नुभएको हो।

गएरातिदेखि पर्वतलगायत आसपासका क्षेत्रमा निरन्तर वर्षा भइरहेको छ । यस क्षेत्रका मोदी, पाती, सेती, मल्याङ्दी, लमाए खोला र कालीगण्डकी जलसतह बढेको छ। स्थानीय प्रशासनले नदी तथा खोला किनारका बासिन्दालाई सचेत रहन आग्रह गरेको छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फेड डे

## सम्पादकीय

# सामाजिक सुरक्षा कोषले देखाएको सक्रियता

कर्मचारी सञ्चय कोषबाट संचालित योगदानमा आधारित निवृत्तभरण कोषप्रति सरकारी कार्यालय र सार्वजनिक संस्थाहरुको आकर्षण कायम छ। सामाजिक सुरक्षा कोषप्रतिको आकर्षण बढ्दो छासामाजिक सुरक्षा कोषका कारण कर्मचारी संचय कोषबारे प्रश्न उठ्ने गरेको थियो । कर्मचारीमा जरा गाडेको कर्मचारी संचय कोषमा आबद्ध हुने सरकारी कार्यालय, सार्वजनिक संस्थान, बोर्ड, समिति र सङ्गठित संस्थाहरूको संख्या बढ्दै गएको छ।

गत आर्थिक वर्ष २०८१/०८२ को असार मसान्तसम्ममा सरकारी कार्यालय, सार्वजनिक संस्थान, बोर्ड, समिति र सङ्गठित संस्थाहरू गरी करिब ४ हजार २९० कार्यालय तथा संस्थाहरू योगदानमा आधारित निवृत्तभरण कोषमा आवद्ध भएको कोषले जानकारी दिएको छ। कोषमा आवद्ध भएका कार्यालय तथा संस्थाहरूका करिब ९९ हजार ३९१ जना योगदानकर्ताहरूबाट गत आर्थिक वर्षको अन्त्यसम्मका करिब १५ अर्ब रुपैयाँ योगदानमा आधारित निवृत्तभरण कोषमा जम्मा भएको छ।

योगदानमा आधारित निवृत्तभरण कोषमा थप सरकारी कार्यालय र प्रतिष्ठानहरू आवद्ध हुनेक्रम जारी रहेको छ । साथै, बैंक तथा वित्तीय क्षेत्र तथा निजीक्षेत्रबाट पनि योगदानमा आधारित निवृत्तभरण कोषमा आवद्धताका लागि कोषमा सम्पर्क गर्नेक्रम उल्लेख्य रूपले बढ्दै गएको छ। कोषले आफ्नै स्रोतबाट योगदानकर्ताहरूलाई विभिन्न किसिमका सुविधाहरू समेत उपलब्ध गराउँदै आएको छ । जसअनुसार, सामाजिक सुरक्षा सुविधा अन्तर्गत योगदानकर्ताहरूलाई दुर्घटना क्षतिपूर्ति २ लाख रुपैयाँसम्म, काजकिरिया अनुदान ४० हजार रुपैयाँ, प्रसूती सुविधा अन्तर्गत प्रतिप्रसूती ७ हजार ५०० रुपैयाँ तथा स्वाथ्योपचारतर्फ साधारण रोगमा १ लाख रुपैयाँसम्म र कडा रोगमा १० लाख रुपैयाँसम्म सुविधा प्रदान गर्दै आएको छ।

कोषले यही साउन १ गतेदेखि लागू हुने गरी योगदानकर्ताहरूलाई निवृत्तभरण कोष रकममा प्रदान गर्ने वार्षिक ब्याजदर ५:०० प्रतिशत निर्धारण गरेको छ। साथै, कोषले वार्षिक रूपमा आर्जन गर्ने मुनाफाको निश्चित प्रतिशत रकम समेत योगदानकर्ताहरूलाई प्रदान गर्ने गरेको छ। कोषले योगदानकर्ताहरूबाट संचित रकममा वार्षिक ५ प्रतिशत ब्याजदर र मुनाफा रकम समेत प्रदान गर्दै आएको छ। सामाजिक सुरक्षा कोषले योगदानकर्ताहरूलाई सहुलियत ब्याजदरमा विशेष सापटी, घर सापटी, शैक्षिक सापटी, घर मर्मत सापटी, जग्गा खरिद सापटी तथा सरल सापटी उपलब्ध गराउँदै आएको छ।

सरकारले २०८२ साल असार २० गते सबै मन्त्रालय, निकाय, सार्वजनिक संस्थान, बोर्ड, समिति तथा प्रतिष्ठानहरूलाई आर्थिक वर्ष २०८२/०८३ देखि नियुक्त हुने कर्मचारीहरुलाई पेन्सन तथा उपदानको सट्टा योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली लागू गर्न निर्देशन दिएको छ। योगदान आधारित निवृत्तभरण कोष संचालनको जिम्मा दिए बमोजिम कोषले मिति २०७६ साल साउनदेखि योगदानमा आधारित निवृत्तभरण कोष समेत संचालन गर्न शुरू गरेको हो।

सोही अनुरूप मिति २०७६ साल साउन १ गतेपछि सरकारी कार्यालय, सार्वजनिक संस्थान, बोर्ड, कोष, कम्पनी ज समिति लगायतका सङ्गठित संस्थामा नियुक्त भएका कर्मचारीहरुको सम्बन्धित संस्थाहरूसँग सम्झौता गरी कोषबाट योगदानमा आधारित निवृत्तभरण कोष संचालन गर्दै आएको छ। योगदानमा आधारित अवकाश कोष अन्तर्गत योगदानमा आधारित निवृत्तभरण, योगदानमा आधारित आवधिक निवृत्तभरण, योगदानमा आधारित उपदान र योगदानमा आधारित आजीवन निवृत्तरण योजनाहरू संचालनमा रहेका छन्।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : आर्थिक समस्या | मकर | : मानसिक तनाव |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# गोरखाको अजिरकोटमा स्याउखेतीको परीक्षण सफल

**पोखरापत्र संवाददाता**
गोरखा, ४ साउन

अजिरकोट गाउँपालिकामा व्यावसायिक स्याउखेतीको परीक्षण सफल भएको छ। वडा नं २ को मूलखर्क र नब्लुका दुई वटा स्याउ फार्ममा तीन वर्षअघि परीक्षणका रुपमा लगाइएको स्याउले यस वर्षदेखि उत्पादन दिन सुरु गरेको व्यवसायीले बताएका छन्।

बिरुवामा ५० प्रतिशत अनुदान दिने कार्यक्रमअन्तर्गत अजिरकोट वडा नं २ मा समुन्द्रदेखि २२०० मिटर उचाइमा अवस्थित मूलखर्क जडीबुटी तथा स्याउ फार्म र नब्लु स्याउ फार्ममा लगाइएको स्याउका बोटमा यस वर्ष फल लागेका छन् । स्थानीय व्यवसायीहरु सञ्जीव लामाले मूलखर्क स्याउ फार्ममा ४०० र भीम तामाङले नब्लु स्याउ फार्ममा ४०० वटा बिरुवा रोप्नुभएको थियो । दुवै फार्ममा लगाइएको स्याउका बोटमा एक हजारदेखि एक हजार ५०० केजीसम्म फल फलेको पालिकाका कृषि विकास अधिकृत शम्भु थापाले बताउनुभयो । "तीन वर्षअघि परीक्षणका रुपमा लगाएको अहिले दुवै फार्ममा लटरम्मै स्याउको दाना फलेका छन्, यसलाई परीक्षण सफल भएको मानेका छौँ", उहाँले भन्नुभयो, "परीक्षण सफल भएसँगै व्यावसायिक स्याउखेतीको क्षेत्र विस्तार गर्ने योजना पालिकाको छ ।" पालिकाको वडा नं १ र २ स्याउखेतीका लागि उपयोगी रहेको उहाँले जानकारी दिनुभयो। गाउँपालिकाले २०७९ सालमा परीक्षणका रुपमा स्याउका बिरुवा रोपेको व्यवसायी सञ्जीव लामाले बताउनुभयो । "इटलीबाट ल्याएको फुजी, रेड डेलिसियस र गाला जातको स्याउ परीक्षणका रुपमा लगाइएको थियो, त्यसमा पालिकाले ५० प्रतिशत अनुदान दिएको थियो", उहाँले भन्नुभयो, "गत वर्ष पनि फक लागेको थियो, पहिलो वर्षको भएकाले टिपेर फ्याँक्यौँ । यस वर्षको उत्पादन बजार पुऱ्याउने योजना छ।"

पालिकाले आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा व्यावसायिक स्याउखेती कार्यक्रमलाई प्राथमिकतामा राखेको छ । आगामी वर्ष पाँच हजार स्याउका बिरुवा किसानलाई वितरण गर्ने लक्ष्य गाउँपालिकाको रहेको कृषि शाखा प्रमुख शम्भु थापाले बताउनुभयो । वडा नं १ र २ मा खेती विस्तार गरेर स्याउको पकेट क्षेत्र बनाउने योजना रहेको पालिका अध्यक्ष दीपक देवकोटा बताउनुहुन्छ । स्याउखेतीलाई कृषि पर्यटनसँग जोड्ने लक्ष्य रहेको उहाँको भनाइ छ।

# जलजला जोड्ने पदमार्ग निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ साउन

म्याग्दी, पर्वत र कास्कीको सिमानामा पर्ने धार्मिक, पर्यटकीयस्थल जलजला जोड्ने पदमार्ग निर्माण भएको छ।

जलजला कास्कीको नयाँ पुलबाट पर्वतको मोदी गाउँपालिका हुँदै म्याग्दीको अन्नपूर्ण गाउँपालिकामा रहेको पर्यटकीयस्थल घोडेपानी जोड्ने पदमार्गमा समेटिएको छ । गण्डकी प्रदेश सरकारको रु २० लाख बजेटबाट पर्वतको मोदी गाउँपालिका-१ माटेबाट मोदी र जलजला गाउँपालिकाको सिमानामा पर्ने जलजलासम्म ढुङ्गाको सिँढी चिनेर पदमार्ग निर्माण भएको हो।

पर्यटन तथा उद्योग कार्यालय पर्वतमार्फत सञ्चालित उक्त योजनाको उपभोक्ता समितिका सचिव टीका पुनले माटेबाट वाइफाइडाँडा हुँदै जलजलासम्म दुई किलोमिटर दूरीमा ढुङ्गाको सिँढी चिनेर पदमार्गका साथै तीन ठाउँमा विश्रामस्थल निर्माण गरिएको जानकारी दिनुभयो । "परापूर्वकालमा गोठालाहरूले प्रयोग गरेको बाटोलाई पदमार्गमा रुपान्तरण गरिएको हो", उहाँले भन्नुभयो, "बस्तीबाट टाढा पदमार्ग बनाउन लेसपारका २५ जना मजदुरहरू चार महिनासम्म निर्माणस्थलमै बास बसेका थियौं।" पदमार्गका साथै दुलेखानी र वाइफाइडाँडामा चौतारीसहित विश्रामस्थल र दृश्यावलोकनस्थल निर्माण भएको छ। तीन हजार तीन सय मिटर उचाइमा रहेको माटेबाट दुलेखानी-वाइफाइडाँडा हुँदै तीन हजार मिटर उचाइमा अवस्थित जलजलासम्म पहाडको टाकुरामा निर्माण भएको पदमार्गको यात्राका क्रममा अन्नपूर्ण र धवलागिरि हिमशृङ्खलाका साथै पर्वत, कास्की, बागलुङ र म्याग्दीको ग्रामीण बस्ती तथा पहाडहरूको अवलोकन गर्न सकिन्छ । मृगलगायत जङ्गली जनावर पनि देखिन्छन्।

यसअघि व्यवस्थित पदमार्ग नहुँदा पर्यटकले बाटो बिराउने, भिरको भाडीमा जोखिम मोलेर हिँड्नुपर्ने समस्या थियो। पदमार्गले पदयात्रालाई सुरक्षित बनाएको जलजला गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले बताउनुभयो। आव २०८२/८३ मा प्रदेश सरकारले विनियोजन गरेको थप रु २० लाख बजेटबाट जलजलबाट म्याग्दीको मोहरेडाँडातर्फ पदमार्ग निर्माण गरिने उहाँले बताउनुभयो । यसअघि वाइफाइडाँडामा प्रदेश सरकारको रु१५ लाख बजेटबाट आश्रयस्थल भवन निर्माण भएको थियो भने गत वर्ष जलजला र मोदी गाउँपालिकाको साझेदारीमा जलजलामा विद्युत् सुविधा पुऱ्याइएको थियो।

हिन्दू धार्मिकग्रन्थ रामायणमा जलजलालाई कालञ्जर पर्वतका रूपमा व्याख्या गरिएको छ । विभिन्न किसिमका जडीबुटी पाइने जलजला जैविक विविधतायुक्तस्थल हो । जलजलाको हम्पालमा धार्मिक पूर्वाधार र प्रवर्द्धनको गतिविधि सञ्चालन भएको छ। जलजलाको पहाडका बीचमा सीम क्षेत्र छ । यहाँ बाँध थुनेर कृत्रिम तलाउ बनाउने योजना अघि सारिएको छ । म्याग्दीको बेनीबाट पर्वतको मल्लाज, शालिजा हुँदै जलजलासम्म कच्ची सडक पुगेको छ।

# निसीखोलामा अझै जीवितै छ 'थाम राम' संस्कृति

**पोखरापत्र संवाददाता**
बागलुङ, ४ साउन

'थाम राम' निसीखोलाको विशिष्ट मौलिक संस्कृति हो । यो सयौँ वर्ष पुरानो मानिन्छ । बागलुङको निसीखोला गाउँपालिका-६ मा यतिबेला यो संस्कृतिले रौनक छाएको छ।

विशेषगरी साउने सङ्क्रान्ति पर्वसँग साइनो जोडिएको थाम रामलाई स्थानीयले संरक्षणमा जोड दिएका छन् । स्थानीयको भाषामा 'थाम'को अर्थ तरुनी तन्नेरी हात समाएर नाचगान गर्ने, दौडिने र 'राम'को अर्थ मेला भन्ने बुझिन्छ। हरेक वर्ष साउन १ गते गाउँका युवायुवती जम्मा भएर लेकमा पुगेर फूल टिप्ने गर्छन्। गीत गाउँदै, नाच्दै र रमाइलो गर्दै फूल टिप्न लेक पुगेका उनीहरु साँझ गाउँ फर्किएर सङ्क्रान्ति मनाउने गर्छन् । भोलिपल्ट थामडाँडामा जम्मा भएर तरुनीतन्नेरीलाई लेकबाट लिएको फूल लगाइदिने, नाचगान गर्ने र हात समातेर दौडिने गर्छन्। हात समाएर दौडिने संस्कृतिलाई स्थानीयले थाम खेल्ने भन्छन्।थामखेल्नेमायुवायुवतीदेखि बूढाबूढीसम्म सहभागी हुन्छन् । यो संस्कृतिलाई नयाँ पुस्ताले पनि चासो दिएका छन् । यसरी थाम खेल्दा देवीदेवता खुसी हुने धार्मिक मान्यता छ । निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीमगरका अनुसार पहिलेपहिले थाम खेल्ने जोडीले मायाप्रेम गर्ने र विवाह गर्ने गर्थे।

तर पछिल्लो समय त्यो चलन भने कम भएको छ। थाम राम युवायुवतीको जमघट हुने माध्यमसमेत रहेको अध्यक्ष घर्तीमगरले बताउनुभयो । "थाम राम यो क्षेत्रको ऐतिहासिक संस्कृति हो, यसमा मगर समुदायको पहिचान जोडिएको छ, लेकमा फूल टिप्न जाँदा देउरालीमा ध्वजा बाँध्ने, फूल चढाउने र पूजा गर्ने गरिन्छ, यसरी फूल चढाउँदा पितृ खुसी हुने जनविश्वास छ", अध्यक्ष घर्तीमगरले भन्नुभयो, "लेकमा फूल टिप्ने र थाम खेल्ने चलन त धेरै पहिलादेखि मनाईदै आएको छ, हामीहरू पनि यसलाई संरक्षण गर्नुपर्छ भनेर लागेका छौँ ।" यो संस्कृति द्वन्द्वकालमा हटेको थियो। विसं २०५७ देखि रोकिएको संस्कृति स्थानीयले गत वर्षदेखि पुनः मनाउन थालेका छन् । स्थानीय ६८ वर्षीय नैनसिंह बुढामगरले यो संस्कृति कहिलेदेखि मान्न सुरु भएको भन्ने यकिन नभएपनि बूढापाकाले भनेअनुसार बाइसेचौबीसे राजाका पालादेखि सुरु भएको हुनसक्ने बताउनुभयो। थाम रामले वर्षौंदेखि टाढिएका प्रेमीप्रेमिका, आफन्त जमघटको अवसर जुटाउने उहाँको भनाइ छ। बुढामगरले भन्नुभयो, "थाम राम पुरानो संस्कृति हो, यसबेला फूल टिप्ने, तरुनी तन्नेरीलाई लगाइदिने, नाचगान गर्ने र मनका वेदना पोख्ने गरिन्छ, पहिलेपहिले अहिलेको जस्तो फोनको जमान थिएन, तरुनीतन्नेरी भटे हुनका लागि कुनै मेला महोत्सव हुनुपर्थ्यो, त्यसका लागि स्थानीयले लेकमा गएर फूल टिप्ने र थाम खेल्ने एउटा समय तोके सोहीअनुसार अहिले चल्दै आएको भन्ने लाग्छ, त्योसँगै धार्मिक आस्थासँग पनि यसको महत्व जोडिएको छ।"

यहाँको रिग युवा क्लबले थाम राम संस्कृतिको संरक्षणमा अग्रणी भूमिका खेल्दै आएको छ। युवालाई एकीकृत गर्ने र पाका पुस्ताबाट नयाँ पुस्तामा संस्कृति हस्तान्तरणको प्रयास गरिएको छ। युवालाई बूढापाकासँगै राखेर सिकाउने कार्य गरेको क्लबका अध्यक्ष भुवनसिंह घर्तीमगरले जानकारी दिनुभयो। युवाले चासो नदिए संस्कृति नै लोप हुने उहाँको भनाइ छ।

# अपाङ्गता भएका व्यक्तिलाई अनुदानमा बाख्रा र मौरीको घार

**पोखरापत्र संवाददाता**
गोरखा, ४ साउन

गोरखाको भीमसेन थापा गाउँपालिकाले अपाङ्गता भएका व्यक्तिलाई अनुदानमा उन्नत जातका बाख्रा र मौरीसहितका घार वितरण गरेको छ।

गाउँपालिकाले अपाङ्गता भएका व्यक्तिलाई जीविकोपार्जन तथा आर्थिक रुपमा आत्मनिर्भर बनाउन १६ जनालाई अनुदान उपलब्ध गराएको गाउँपालिकाका अध्यक्ष लोकप्रसाद बञ्जराले जानकारी दिनुभयो।

"आवश्यकताका आधारमा अनुदानका लागि निवेदन पेस गर्न माग गरिएको थियो", उहाँले भन्नुभयो, "मागका आधारमा नौ जनालाई बाख्रा, चार जनालाई मौरीका घार, एक जनालाई काठ चिर्ने मेसिन, एक जनालाई सिलाइ मेसिन र एक जनालाई 'ड्राइपट' उपलब्ध गराइएको हो।"

आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका लक्षित वर्गलाई आत्मनिर्भर र स्वावलम्बी बनाउने उद्देश्यसहित अनुदान सहयोग कार्यक्रम सञ्चालन गरिएको अध्यक्ष बञ्जराले बताउनुभयो।

# निर्धारित समयभन्दा पाँच महिना अगावै पुल निर्माण

**पोखरापत्र संवाददाता**
दमौली, ४ साउन

तनहुँको शुक्लागण्डकी नगरपालिका-६ बेलबोट फेदीस्थित कुम्लेखोलामा निर्धारित समयभन्दा पाँच महिनाअगावै पुल निर्माण भएको छ। आगामी पुस १३ गते सम्पन्न गर्नुपर्ने सम्झौता भए पनि त्यसको पाँच महिनाअगाडि नै पुल निर्माण भएको हो।

प्रसिद्ध तीनखोले मन्दिर जाने बाटोमा पक्की पुल निर्माणपश्चात् आवतजावतमा सहयोग भएको छ । निर्माण व्यवसायीले पटक-पटक म्याद थपेर पनि काम नसक्ने प्रवृत्ति व्याप्त रहेका बेला यहाँ सम्झौता अगावै पुल निर्माण भएपछि स्थानीयवासी खुसी भएको स्थानीय शङ्कर सारुले बताउनुभयो । सहरी विकास मन्त्रालयको स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय पोखरामार्फत कुम्लेखोलामा पुल निर्माण भएको हो । डबल सेल बक्स डिजाइनको पुल रु दुई करोड ८० लाख ५९ हजार ९७९ को लागतमा निर्माण गरिएको शुक्लागण्डकी नगरपालिका प्रमुख कृष्णराज पण्डितले जानकारी दिनुभयो। विसं २०८१ असार १३ गते वेस्टर्न पपुलर कन्स्ट्रक्सन प्रालि गुल्मीले विसं २०८२ पुस १३ गते सक्ने लक्ष्यका साथ ठेक्का सम्झौता गरेको थियो । प्रालिका प्रतिनिधि गगन केसीले सबैको सहयोगले समयअघि नै काम सम्पन्न भएको जानकारी दिनुभयो । यो सडक खुलेको २७ वर्ष भएको छ । पृथ्वी राजमार्गबाट तीन किलोमिटरको दूरीमा अवस्थित तीनखोले देवी मोटरमार्गमा पर्ने कुम्लेखोलामा पक्की पुल नहुँदा बर्खामा स्थानीयवासीले सास्ती खेप्दै आएका थिए । बर्खामा जोखिम मोलेर वारपार गर्नुपर्ने बाध्यता अब अन्त्य भएको स्थानीय बालकुमार वाग्लेले बताउनुभयो । खैरेनीटार बजारबाट कुम्लेखोला तरेर प्रसिद्ध तीनखोले देवीको मन्दिर पुगिन्छ । यहाँ पुल निर्माण भएपछि अब मन्दिर जाने भक्तजनको सङ्ख्यासमेत बढ्ने मोटरमार्ग उपभोक्ता समितिका अध्यक्षसमेत रहनुभएका वाग्लेको विश्वास छ। शुक्लागण्डकी नगरपालिका-६ का वडाध्यक्ष बुद्धिबहादुर थापाले बर्खामा ह्युमपाइप राखेर सवारी सञ्चालन गरे पनि खोला बढ्दा ह्युमपाइप नै बगाउने गरेको स्मरण गर्नुभयो । उक्त पुलको शनिबार पूर्वमन्त्री एवं प्रतिनिधिसभा सदस्य शङ्कर भण्डारीले उद्घाटन गर्नुभएको थियो।

यस सुर्य ब्लेन्डर्स प्रा लि बाट उत्पादित बिभिन्न ब्राण्डका मदिराहरुको मूल्यसूची आ.ब. २०८२।०८३ का लागि हाललाई ५० यू.पी.को मिति २०८१।०९।२८ र ७० यू.पी.को २०८१।१०।२१ मा पोखरापत्र राष्ट्रिय दैनिकमा प्रकाशित मूल्यसूची नै यथावत गरिएकोले सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकासित गरिएको छ ।

सुर्य ब्लेन्डर्स प्रा लि
आंबुखैरेनी, तनहुं

SURYA BLENDERS

# मनास्लु क्षेत्र घुम्ने पर्यटकको सङ्ख्यामा वृद्धि

**पोखरापत्र संवाददाता**
गोरखा, ४ साउन

उत्तरी गोरखाको मनास्लु संरक्षण क्षेत्र घुम्न पुग्ने विदेशी पर्यटकको सङ्ख्यामा वृद्धि भएको छ । आर्थिक वर्ष २०८१/८२ मा मनास्लु क्षेत्रमा अहिलेसम्मकै धेरै विदेशी पर्यटक घुम्न पुगेका छन् ।

मनास्लु संरक्षण क्षेत्र आयोजना कार्यालय (एमक्याप) का प्रमुख सन्तोष शेरचनका अनुसार गत वर्ष साउनदेखि असार मसान्तसम्म एक वर्षको अवधिमा मनास्लु क्षेत्रमा १२ हजार ५१२ विदेशी पर्यटक घुम्न आएका उहाँले बताउनुभयो । "यो सङ्ख्या हालसम्मकै सर्वाधिक हो, मनास्लु क्षेत्रमा विदेशी पर्यटकको आर्कषण बढ्दै गएको छ", प्रमुख शेरचनले भन्नुभयो । मनास्लु क्षेत्रमा गत आवमा सार्क राष्ट्रका दुई सय ५३ र सार्क राष्ट्रबाहेक अन्य राष्ट्रका १२ हजार हजार दुई सय ४८ विदेशी पर्यटकले भ्रमण गरेका छन् । सोही अवधिमा ११ नेपाली पर्यटकले पनि शुल्क तिरेर मनास्लु क्षेत्रको भ्रमण गरेका छन् । मनास्लु क्षेत्रमा आव २०८०/८१ मा नौ हजार ७८३ विदेशी पर्यटकले भ्रमण गरेका थिए । अघिल्लो आवको तुलनामा गत आवमा झण्डै दुई हजार ७२ ९ बढी पर्यटक मनास्लु क्षेत्र पुगेका थिए । "मनास्लु क्षेत्र जाने पदमार्ग अहिले सहज र सुरक्षित बनेको छ, पदमार्गको प्रचारप्रसार हुँदै गएको छ, त्यहाँ पुग्ने पर्यटकलाई खान र बस्न सुविधासम्पन्न होटल निर्माण भएकाले पनि पर्यटकको सङ्ख्या बढ्न थालेको हो", एमक्यापका प्रमुख शेरचन उहाँले भन्नुभयो । गत आवमा मनास्लु घुम्न पुग्ने विदेश पर्यटकमध्ये फ्रान्सका सबैभन्दा बढी थिए । फ्रान्सका सात सय ६३ पुरुष र ६ सय ४४ महिलाले मनास्लु क्षेत्रको भ्रमण गरेका थिए । त्यसबाहेक धेरैजसो जर्मनी, संयुक्त राज्य अमेरिका, नेदरल्याण्ड्स, इजरायल, बेलायत, अष्ट्रेलिया, स्पेन, रुस, क्यानडालगायत देशका पर्यटक मनास्लु क्षेत्र पुगेका थिए । मनास्लु क्षेत्रमा आव २०७९/८० मा सात हजार ७५०, आव २०७८/७९ मा दुई हजार २२२ विदेशी पर्यटक घुम्न आएका थिए ।


## सदस्यहरूलाई ऋण चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

**पहिलो पटक प्रकाशित मिति २०८२/०४/०५ (पोखरापत्र राष्ट्रिय दैनिक)**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले चल अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने सावा, व्याज एवम् हर्जना व्याज र अन्य दै-दस्तुर रकम समयभित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नु भएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा समेत तिर्नु बुझाउनु पर्ने रकम नबुझाउनु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण सावा, व्याज, हर्जना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनुहोला । अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण वापत लेखि लेखाई दिएको श्रीसम्पति सहकारी ऐन, नियमावली तथा संस्थाको ऋण असुली नीति र नेपालको प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी सस्थाको लेना रकम असुल उपर गर्ने ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ । धितो सुरक्षण अपर्याप्त हुन गई कर्जा असुली हुन नसकेकोमा ब्यक्तिगत धनजमानी दिने तपसिलका ब्यक्तिहरुको स्वामित्वमा रहेको तथा निजहरुको एकाघरको हक लाग्ने चल अचल सम्पतिबाट समेत कर्जा असुल उपर गर्ने कारबाहि प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै नियमित किस्ता नभएका अन्य ऋणी सदस्यहरुले नियमित किस्ता तिर्न यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपसिल**

| क्र सं. | ऋणी सदस्यको विवरण | ऋणीको फोटो | जमानीको विवरण | जमानीको फोटो |
|---|---|---|---|---|
| १. | सदस्यता नं. : १९०४<br>**नाम : बिकाश भट्राई**<br>जन्म मितिः : २०५३।०३।३०<br>ना.प्र.नं. : ४६-०१-७३०००००९ कास्की<br>जारी मितिः : २०७३-०१-०२<br>बाबुः : भिम प्रसाद भट्राई<br>बाजे/ससुरा : कर्णखर भट्राई<br>ठेगाना : साविक कास्कीकोट ०४ कास्की<br>हाल : पोखरा २४ कास्की<br>सम्पर्क नं. : ९८५६०५६२०५ |  | **नामः : भिम प्रसाद भट्राई**<br>ना.प्र.नं. : ९२०८८<br>जन्म मितिः : २०२२-०१-०५<br>जारी मिति. : २०५६-०७-२९ कास्की<br>बाबुः : कर्णखर भट्राई<br>बाजेः : काले प्रसाद<br>ठेगानाः : साविक कास्कीकोट ०४ कास्की<br>हाल : पोखरा २४, कास्की<br>सम्पर्क नं : ९८४१५१९२४५ |  |
| **धितो विवरणः** श्री बिकाश भट्राईको नाममा रहेको कास्की जिल्ला साबिक कास्कीकोट गा.बि.स. वडा नं. ९ स्थित कित्ता नं. ७५८ क्षेत्रफल ४-२-२-० रोपनी | | | | |
| | **नाम : विष्णुमाया वि.क.**<br>जन्म मिति : २०१८/०४/२५<br>ना.प्र.नं. : १४४२४२<br>जारी मितिः : २०६०/१०/१३<br>बाबु : टेक बहादुर विश्वकर्मा<br>पति : बाबुराम विश्वकर्मा<br>ससुरा : भिम बहादुर वि.क.<br>ठेगाना : पोखरा-१३<br>हाल : पोखरा-१३<br>सम्पर्क नं : ९८०६६८१७९९ |  | **नाम : आरती वि.क.**<br>जन्म मिति : २०४६/१०/१४<br>ना.प्र.नं. : ४६१००६/१७७३<br>जारी मिति : २०६८/०५/२७<br>बुबा : बाबुराम विश्वकर्मा<br>पति : जयराम वि.क.<br>ससुरा : धनराज कामी<br>ठेगाना : पुम्दीभुम्दी-७<br>हाल : पोखरा-२२<br>सम्पर्क नं : ९८१९१५४८८०<br>**नाम : सन्दीप सुनार**<br>जन्म मिति : २०५४/१०/१४<br>ना.प्र.नं. : ५०-०१-७२००७६९<br>जारी मितिः : २०७२/०२/२१<br>बाबु : राजु वि.क.<br>बाजे/ससुरा : टेक बहादुर सुनार<br>ठेगाना : बाग्लुङ-११<br>**नाम : अशोक वि.क.**<br>जन्म मिति : २०३९/१९/१२<br>ना.प्र.नं. : १४४३१५<br>जारी मितिः : २०६०/१०/१५<br>बाबु : बाबुराम विश्वकर्मा<br>बाजे/ससुरा : भिम बहादुर वि.क.<br>ठेगाना : पोखरा-१३<br>सम्पर्क नं : ९८०६६८३०५५ |  |
| **धितो विवरणः** कास्की जिल्ला पोखरा म.न.पा वडा नं. १३ कित्ता नं. ७२ क्षेत्रफल १०१ वर्गमिटर । | | | | |
| | सदस्यता न : २०९५<br>**नाम : चिनुमाया राना**<br>जन्म मिति : २०३८।११।१४<br>ना.प्र.नं. : ४६१००१२३५१<br>जारी मितिः : २०६४।०९।०४<br>बाबु : भुबन बहादुर खवास<br>पति : सुमन राना<br>बाजे/ससुरा : गगन सिंह<br>ठेगाना : पोखरा १६ कास्की<br>हाल : पोखरा १६ कास्की<br>सम्पर्क नं : ९८४५५३३८३४ |  | **नाम : अप्सरा राना**<br>जन्म मिति : २०५८।०१।०९<br>ना.प्र.नं. : ४६०१७५०२८६८<br>जारी मितिः : २०७५।०४।०२<br>बाबु। पत्नी : सुमन राना<br>बाजे/ससुरा : गगन सिंह<br>ठेगाना : पोखरा १६ कास्की<br>हाल : पोखरा १६ कास्की<br>सम्पर्क नं : ९८४६६०१३८४<br>**नाम : शोभा रेग्मी**<br>जन्म मिति : २०३९।०२।१२<br>ना.प्र.नं. : ११६२७६<br>जारी मितिः : २०५८।०३।२१<br>बाबु : शम्भु श्रेष्ठ<br>पति : सर्बजित रेग्मी<br>बाजे/ससुरा : बसन्तराज रेग्मी<br>ठेगाना : पोखरा १६ कास्की<br>हाल : पोखरा १६ कास्की<br>सम्पर्क नं : ९८२४११९७६५ | <br> |
| **धितो विवरणः** चिनुमाया राना र अप्सरा रानाको नाममा मालपोत कार्यलय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको पोखरा १६ कास्की कि .न.२५९ क्षेत्रफल १०८, ७-०-०-० | | | | |

**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**
**प्रधान कार्यालयः पोखरा-५, जिरो कि. मि.**
**फोनः ०६१-५७३३७५, ५७२२३६**


# आठ पालिका एउटै दमकलका भरमा

**पोखरापत्र संवाददाता**
लमजुङ, ४ साउन

गण्डकी प्रदेशअन्तर्गत पहाडी जिल्ला लमजुङ एउटा मात्र दमकलको भरमा छ । आठ पालिका रहेको यो जिल्लामा आगलागीका घटना हुँदा सबै पालिकाले एउटै दमकलको भर पर्नुपर्ने बाध्यता छ ।

आगलागीका घटना जतिबेला पनि हुनसक्ने भए पनि लमजुङमा एउटै मात्र दमकल हुँदा तत्काल घटनास्थलमा पुग्नलाई समस्या हुँदा बेलैमा आगो नियन्त्रण गर्न समस्या हुँदै आएको छ । जिल्लामा चार नगरपालिका र चार गाउँपालिका रहे पनि बैंसीसहर नगरपालिकामा मात्र दमकल छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा दमकल राख्नुपर्ने उल्लेख भए पनि जिल्लाका अन्य सात पालिकाले स्थानीय सरकार आएको यतिका वर्ष हुँदा पनि दमकल खरिद नगर्दा एउटै दमकलको भर पर्दै आएका छ ।

बैंसीसहर नगरपालिकाका प्रमुख गुमानसिंह अर्यालका अनुसार ठूलो आगलागी भएका बेला अन्य स्थानीय तहले हाम्रै नगरकै दमकल प्रयोग गर्ने गरेका छन् । यसरी एउटै दमकल अन्य पालिकाले पनि प्रयोग गर्दा आगलागीका घटना तत्काल नियन्त्रण गर्न समस्या हुने हुँदा अन्य पालिकाले दमकल खरिद गरे आगलागीबाट हुने जनधनको सुरक्षामा मद्दत पुग्ने थियो ।

स्थानीय तहले दमकल खरिद गरी तयारी अवस्थामा राख्नुपर्ने मर्स्याङ्दी गाउँपालिकाका स्थानीय अनिल गुरुङले बताउनुभयो । सुन्दरबजार नगरपालिकाका स्थानीय अमृता घिमिरेले जिल्लाकै दोस्रो ठूलो बजार रहेको यस पालिकामा आगलागी हुँदा दमकल नभएका कारण समयमै आगो निभाउन नसक्दा बढी क्षति हुने गरेको र पालिकाले दमकल खरिद गरी आगाली हुँदा समयमै उपलब्ध गराउनुपर्ने बताउनुभयो ।

अत्यावश्यक साधनप्रति चासो नभएका स्थानीय तहका अधिकांश प्रमुख तथा उपप्रमुखका लागि सुविधायुक्त सवारीसाधन भने छन् । मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङले यहाँ आगलागीका घटना विशेषगरी गर्मीयाममा बढी हुने गरेका र आगलागीका बेला दमकल बैंसीसहरकै मगाउने गरेको बताउनुभयो । पालिकाका अधिकांश भागमा दमकल पुग्ने सडक नभएकाले समस्या भइरहेको उहाँको भनाइ छ ।

बैंसीसहरको दमकल मगाउने गरे पनि केही आगलागी हुँदा बैंसीसहरबाट आउँदा समय लाग्छ । आगलागीका घटनामा दमकलको प्रयोग महत्त्वपूर्ण हुने भए पनि भौगौलिक समस्याका कारण खरिद नगरिएको गाउँपालिकाका अध्यक्ष गुरुङले बताउनुभयो । जिल्लामा सामान्य आगलागी हुँदा दमकलबिना नै प्रहरीले आगो निभाउने गरेका छन् । ठूलो आगलागी हुँदा प्रहरी बेलैमा पुगे पनि दमकल पुग्न समय लाग्ने भएकाले क्षति बढी हुने गरेको प्रहरीले जनाएको छ ।

# फल्याक र धार्काजुङमा जलवायु परिवर्तनको असर

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ४ साउन

वारागुङ मुक्तिक्षेत्र-५ को फल्याक, धार्काजुङ र पाक्लिङ गाउँलाई कृषिको प्रसिद्ध हबका रूपमा लिने गरिन्छ । यहाँका पालिकामा १९ गाउँमध्ये सबैभन्दा धेरै स्याउ र पर्याप्त मात्रामा अन्नबाली उत्पादन हुने ठाउँ हो । यहाँका उर्वरभूमिमा किसानले स्याउ, उवा, फापर, आलु, बोडी, मकै, जौँलगायत हरियो ताजा सागसब्जी उत्पादन गरेर गतिलो आम्दानी गर्दथे ।

तर, यतिबेला यी दुई गाउँका किसानलाई सिँचाइको समस्या भएको छ। जलवायु परिवर्तनका कारण जमिनको तापमान वृद्धि र अनुकूल समयमा हिउँ नपर्दा सिँचाइको मुहान विस्तारै सुक्दै जान थालेपछि वारागुङ मुक्तिक्षत्र-५ अन्तर्गत धार्काजुङ र फल्याकका किसान चिन्तित देखिएका छन् । वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिङजिन नामगेल गुरुङले पछिल्लो दुई वर्ष मुस्ताङमा हिउँ नपर्दा सिँचाइ मुहान सुक्दै गएकाले यहाँ समस्या भएको बताउनुभयो । बर्सेनि अनुकूल समयमा हिउँ नपरेसम्म यहाँको सिँचाइ समस्या झन्झन् बढ्दै जाने भएकाले किसानका लागि यो चिन्ताको विषय बनेको छ । "अकासे वर्षाले सिँचाइको समस्या टर्दैन, पर्याप्त सिँचाइका लागि अनुकूल समय पर्याप्त हिउँ पर्नुपर्ने हुन्छ", अध्यक्ष गुरुङले भन्नुभयो, "विस्तारै मुहान सुक्दै गएकाले खेतीयोग्य जमिनमा सिँचाइ अभाव देखियो ।"

अध्यक्ष गुरुङले जलवायु परिवर्तनको असरले यहाँको कृषि प्रणालीमा देखिएका चुनौती समाधान गर्न नयाँ सिँचाइका मुहान पहिचान गर्नुपर्ने अवस्था आएको बताउनुभयो । जलवायु परिवर्तनकाकारणयहाँकोपानीको स्रोत घट्दै गइरहेकाले विगतमा शतप्रतिशत खेतीयोग्य जमिनमा सिँचाइ हुने गरेकामा अहिले १० प्रतिशत खेतीयोग्य जमिनमा सिँचाइ गर्न धौधौ भइसकेको उहाँले बताउनुभयो ।

वारागुङ मुक्तिक्षेत्र-५ का वडाध्यक्ष सुरेन्द्र गुरुङले बर्सेनि असार, साउन र भदौमा उच्च हुने यहाँको लुम्बुक खोलाको पानी सुक्दै जान थालेको बताउनुभयो । फल्याक र धार्काजुङ गाउँमा एक सय घरपरिवारले कृषि पेसा अगालेका छन् । "जीविकोपार्जनको माध्यम भनेकै कृषि हो, कृषिका लागि सिँचाइ नभई हुँदैन, किसानले खेतीपाती गरेको व्यर्थ हुने भयो", वडाध्यक्ष गुरुङले भन्नुभयो । फल्याक र धार्काजुङका किसान, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षहरूको टोलीले शनिबार त्यहाँका लुम्बुक खोलाको मुहानको अवलोकन गरेको छ ।

लुम्बुक झरना नजिक तीनवटा मुहानको पानीको स्रोत घट्दै गइरहेको वारागुङ मुक्तिक्षेत्रका उपाध्यक्ष डिकी गुरुङले जानकारी दिनुभयो । उहाँले मुस्ताङमा लगातार तीन वर्षसम्म हिउँ पर्न नसकेकाले यहाँको लुम्बुक खोलाको पानीको स्रोत विगतको भन्दा दुईतिहाइले सुक्दै गइरहेको उल्लेख गर्नुभयो । लुम्बुकखोलामाआंशिकपानीको स्रोत देखिए पनि त्यहाँको पानी जमिनमुनिबाट बग्न थालेपछि फल्याक र धार्काजुङमा सिँचाइ समस्या देखिएको छ ।

सिँचाइको स्रोत सुक्दै गए केही वर्षभित्र यहाँको बस्ती विस्थापित हुने जोखिम छ । फल्याक र धार्काजुङ गाउँमा एक किसानले २५-३० वटा खेतमा सिँचाइ गर्ने गरेकामा पछिल्लो समय चार-पाँचवटा खेतमा पनि सिँचाइ उपलब्ध गराउन धौधौ भइरहेको छ। हिउँदयाममा पर्याप्त हिउँ परेमा त्यही हिउँ पग्लिएर लम्बुक खोलाको पानीको सतह पनि ठूलो हुने स्थानीय बताउँछन् । मुहान स्रोतको अग्ला विशाल पहाड हिउँविहीन भएपछि यहाँ सिँचाइको समस्या र चुनौती थपिएको हो ।

# मनास्लु पदमार्गको ५३ स्थानमा 'मार्किङ पोल' तथा 'साइनपोष्ट'

**पोखरापत्र संवाददाता**
गोरखा, ४ साउन

उत्तरी गोरखाको मनास्लु संरक्षण क्षेत्रको भ्रमणमा जाने पर्यटकलाई पदमार्गको पहिचान र पदयात्रामा सहजताका लागि ठाउँठाउँमा 'मार्किङ पोल' तथा 'साइनपोष्ट' थप गरिएको छ ।

मनास्लु संरक्षण क्षेत्र आयोजना कार्यालय (एमक्याप) ले आर्थिक वर्ष २०८१/८२ मा पदमार्गको विभिन्न ५३ ठाउँमा मार्किङ पोल र साइनपोष्ट थप गरेको आयोजना कार्यालयका प्रमुख सन्तोष शेरचनले जानकारी दिनुभयो । उहाँका अनुसार कार्यालयले पदमार्गको ३५ स्थानमा पर्यटकलाई पदमार्गको जानकारी दिन साइनपोष्ट थप गरेको छ भने पदमार्गको १६ ठाउँमा मार्किङ पोल थप गरिएको हो । पदमार्गअन्तर्गत नुब्री भ्यालीतर्फ लार्के बजारदेखि भिमथाङसम्म विभिन्न ठाउँमा मार्किङ पोल थपिएको छ । लार्के बजारदेखि भीमथाङसम्म अब कूल १२४ मार्किङ पोल पुगेका छन् । यसअघि १०८ मार्किङ पोल मात्र रहेको थियो । त्यस्तै, पदमार्गमा पर्ने चुमभ्यालीतर्फ (गणेश हिमालतर्फ जाने पदमार्गसहित १९, नुब्री भ्यालीतर्फ १४ र सिर्दीबासमा दुई स्थानमा साइनपोष्ट थप गरिएको उहाँले जानकारी दिनुभयो । प्रमुख शेरचनले भन्नुभयो, "साइनपोष्टबाट मनास्लु संरक्षण क्षेत्रमा घुम्न पुग्ने पर्यटकलाई आफूकहाँ पुगेँ, आफू पुगेको ठाउँको उचाइ, त्यसपछिको गन्तव्यमा पुग्न लाग्ने सम्भावित समय र त्यहाँको जङ्गली जनावरका बारेमा पनि थाहा पाउन सजिलो हुन्छ ।" त्यस्तै, पदमार्गमा राखिएको मार्किङ पोलबाट हिउँ परेका बेला पदमार्ग हिउँले पुरिएर हराउने हुँदा पर्यटकलाई पदमार्ग पहिचानका लागि सहज हुने प्रमुख शेरचनले बताउनुभयो । चालु आव २०८२/८३ मा विभिन्न २५ स्थानमा मार्किङ पोल र ३५ स्थानमा साइनपोष्ट राख्ने योजना रहेको एमक्यापले जनाएको छ ।